केपिलासगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बाक्सिला, खोटाङ

## सुरक्षित आप्रवासन (सामी) परियोजनामा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९।०४।१८)

सुरक्षित आप्रवासन (सामी) परियोजना अन्तर्गत यस गाउँपालिकामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सचेतीकरणका कार्यक्रमहरु सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुदा करारमा पदपूर्ति गर्नु पर्ने भएकाले निम्न बमोजिम योग्यता पुगेको इच्छुक नेपाली नागरिकले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

सूचना नं. : ०१

| क्र.सं | विज्ञापन नं. | पद | पद संख्या | न्यूनतम योग्यता तथा अनुभव |
|---|---|---|---|---|
| १ | ०१/०७९-८० | मनोसामाजिक परामर्शकर्ता | १<br>महिलालाई प्राथमिकता | मनोसमाजिक परामर्शकर्ता छनौट गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगतको राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालिम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनु पर्नेछ। जुन निम्नानुसार छ :<br>• मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड. स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>मनोसामाजिक परामर्श सम्बन्धी तालिम प्राप्त गरी सोही क्षेत्रमा अनुभव भएकालाई विशेष प्राथमिकता दिईनेछ। |
| २ | ०२/०७९-८० | वित्तीय साक्षरता सहजकर्ता | १ | न्यूनतम प्रविणता प्रमाण-पत्र तह वा १०+२ उत्तिर्ण, प्रौढ शिक्षा वा बयस्क साक्षरता वा अध्यापनमा २ वर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |
| ३ | ०३/०७९-८० | रिटर्नी स्वयंसेवक (आंशिक) | ३ | न्यूनतम् कक्षा १० कक्षा पास गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको। सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |

- **कार्य अवधिः** २०८० असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्नेछ।
- **परिक्षाको किसिम :** लिखित र मौखिक परिक्षा।
- **परीक्षाको मिति र समय :** पछि तोकीनेछ।
- **तलव तथा अन्य सुविधा : "सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९"** अनुसार।
- **उमेरः** पुरुष उम्मेदवारको हकमा कम्तीमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिला उम्मेदवारको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
- **दरखास्त दिने स्थानः** केपिलासगढी गाउँ कार्यपालिकाको कार्यालय, बाक्सिला, खोटाङ (प्रशासन शाखा)।
- **दरखास्त दिने अन्तिम मितिः** २०७९।०५।०२ गते कार्यालय समयभित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा भोलिपल्ट)।
- **दरखास्त फारम र आवेदन दस्तुरः** मनोसामाजिक परामर्शकर्ता पदका लागि रु. ४०० र अन्य पदका लागी रु.३०० कार्यालयमा बुझाइ भौचर साथ आवेदन लिन सकिने अथवा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बाक्सिलामा रहेको केपिलासगढी गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. २०६०१००३०१०१००००५ मा रकम जम्मा गरि रकम जम्मा गरेको भौचर, आवश्यक कागजातहरु साथै आवेदन फारम भरि सम्पुर्ण कागजातलाई Scan गरि एउटै PDF फाईल बनाई यस कार्यालयको इमेल ठेगाना kepilasmun@gmail.com मार्फत पनि दरखास्त दिन सकिनेछ।
- **आवेदन साथ संलग्न आवश्यक कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजको प्रतिलिपिहरुः नेपाली नागरिक्ता प्रमाणपत्रको प्रतिलिपि, न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्रको प्रतिलिपिहरु ,चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, अनुभव खुल्ने कागजातहरु र २ प्रति पासपोर्ट साइजको फोटो।

(नोटः आवेदन फाराम यस कार्यालयको वेव साइट www.kepilasgadhimun.gov.np मा उपलब्ध छ, अन्य जानकारीको लागि यस कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।)

२०७९।०४।१८

अजम्बर राई

प्रशासकीय अधिकृत